## ३६औं बैठक

आज मिति २०७६।०५।२७ गतेका दिन धनगढी उप-महानगरपालिकाकानगर प्रमुख श्री नृप बहादुर वडज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक देहायको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो।

उपस्थिति :

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री नृप बहादुर वड | नगर प्रमुख | |
| २ | श्री सुशीला मिश्र भट्ट | नगर उप-प्रमुख | |
| ३ | श्री सन्तोष मुडभरी | कार्यपालिका सदस्य | |
| ४ | श्री नर बहादुर बम | कार्यपालिका सदस्य | |
| ५ | श्री बल बहादुर ऐर | कार्यपालिका सदस्य | |
| ६ | श्री दिपक कुमार थापाक्षेत्री | कार्यपालिका सदस्य | |
| ७ | श्री हिरा सिंह पातली | कार्यपालिका सदस्य | |
| ८ | श्री भागीराम चौधरी | कार्यपालिका सदस्य | |
| ९ | श्री सिताराम राना | कार्यपालिका सदस्य | |
| १० | श्री नारायण प्रसादवराल | कार्यपालिका सदस्य | |
| ११ | श्री प्रेम सिंह भण्डारी | कार्यपालिका सदस्य | |
| १२ | श्री राजेन्द्र राना | कार्यपालिका सदस्य | |
| १३ | श्री गंगा राम राना | कार्यपालिका सदस्य | |
| १४ | श्री गणेश प्रसाद जोशी | कार्यपालिका सदस्य | |
| १५ | श्री बिजय राज जोशी | कार्यपालिका सदस्य | |
| १६ | श्री राम बजारी चौधरी | कार्यपालिका सदस्य | |
| १७ | श्री फूल राम चौधरी | कार्यपालिका सदस्य | |
| १८ | श्री लक्ष्मी नारायण चौधरी | कार्यपालिका सदस्य | |

Scanned by CamScanner

| | | | |
|---|---|---|---|
| १९ | श्री माधव राना | कार्यपालिका सदस्य | |
| २० | श्री मुरारी अधिकारी | कार्यपालिका सदस्य | |
| २१ | श्री तिलुराम चौधरी | कार्यपालिका सदस्य | |
| २२ | श्री सिता राना | कार्यपालिका सदस्य | |
| २३ | श्री बसन्त कुमार ठाकुर | कार्यपालिका सदस्य | |
| २४ | श्री कल्याणी सिंह | कार्यपालिका सदस्य | |
| २५ | श्री गीता पन्त | कार्यपालिका सदस्य | |
| २६ | श्री यशोदा भण्डारी | कार्यपालिका सदस्य | |
| २७ | श्री प्रेम बहादुर बि.क. | कार्यपालिका सदस्य | |
| २८ | श्री रिस्नी देवी चौधरी | कार्यपालिका सदस्य | |
| २९ | श्री प्रेम सिंह विश्वकर्मा | कार्यपालिका सदस्य | |
| ३० | श्री नारायण प्रसाद सापकोटा | सचिव | |

आमन्त्रित :- श्री हिरालाल राना, वडा नं. १३ सदस्य

Scanned by CamScanner

## निर्णय नं.३६.१

मिति २०७६।४।१६ गते बसेको राजश्व परामर्श समितिले गरेका तपसिल वमोजिमका निर्णयहरूलाई अनुमोदन गर्ने निर्णय गरियो ।

(क) मोहना नदीमा नाउ घाट डुंगा संचालन सम्बन्धमा प्रकासित गरिएको सूचना अनुसार एच गाउ ढकीया नाउ घाटको ठेक्का लागेको रकम रू ७६०००। र बहुलिया नाउ घाटको ठेक्का लागेको रकम रू ६५००। लाई अनुमोदन गर्ने निर्णय गरियो ।

(ख) यस नगरपालिका क्षेत्र भित्रका व्यापारीहरूले नगरपालिकामा आफनो व्यवसाय दर्ता र नविकरण नगरेका व्यापारीहरूलाई व्यवसाय दर्ता र नविकरण गर्न लगाउने कार्यका लागि आ.व. ०७५।०७६ देखिको राजश्व रकम लिई व्यवसाय दर्ता गर्न लगाउने ब्यवस्था कायम गर्नका लागि आउदो नगरसभाबाट अनुमोदन गर्ने निर्णय गरियो ।

(ग) धनगढी उपमहानगरपालिका वडा न. ९ मा रहेको चौखेरी काललाई ठेक्कामा दिई आन्तरिक आयमा अभिबृद्धि गर्ने सोचका साथ उक्त तालमा वा परिषरमा रेष्टुरेन्ट,चमेनागृह,गार्डेन निर्माण,फुटपाथ निर्माण र माछापालन जस्ता कार्य गर्न पाउने गरी ५ बर्षका लागि न्युनतम रू ५०००००। ठेक्का अंक कायम गर्ने र कार्यसम्पादन सन्तोषजनक देखिएमा अवधि थप गर्ने गरी प्रकाशित गरिएको सूचनालाई अनुमोदन गर्ने निर्णय गरियो ।

(घ) यस धनगढी उपमहानगरपालिको कार्यालय भवनको पश्चिम पट्टी रहेको सोपिंङ कम्पलेक्सको भुई तलाका सटर कोठाहरू सिलबन्दि दरभाउपत्रको माध्यमबाट बढाबढ प्रक्रियामा सबैभन्दा बढी अंक कबोल गर्ने ब्यक्तिहरूका नाममा स्वीकृत भएकोमा निजहरूले आफ्नो सटर कोठाहरू सोही दररेटमा अन्य कसैलाई हस्तान्तरण गर्न चाहेमा उक्त सटरका कोठाहरू अन्य ब्यक्तिको नाममा गरेको सम्झौता प्रक्रियालाई अनुमोदन गर्ने निर्णय गरियो ।

(ङ) यस धनगढी उपमहानगरपालिका कार्यालयको आन्तरीक श्रोतमा महत्वपुर्ण योगदान अभिबृद्धि गरिरहेका सवारी साधन पार्किङ शुल्क साथै बसपार्क टर्मिनल भवनको भुई तला समेत आ.ब. ०७६।०७७ का लागि बार्षिक रू ७५,५०,०००। ठेक्काको न्युनतम अंक कायम गरी प्रति बर्ष ७ प्रतिशतका दरले बृद्धि हुने गरी ५ बर्षका लागि देहाय अनुसार दररेट अनुसार प्रकासित गरिएको सूचनालाई अनुमोदन गर्ने निर्णय गरियो ।

१। बसबिसौनीबाट यात्रु बोकेर निस्केर जाने सवारी साधनले लिएको एउटा टिकट रकमको लामो दुरीको लागि १५ प्रतिशतले हुन आउने रकम र छोटो दुरीको लागि २० प्रतिशतले हुन आउने रकम प्रति टिप बापत तिर्नु पर्ने छ ।
२। बस बिसौनीमा सवारी साधन बिश्राम गराएमा प्रति सवारी साधन रू.५०।००

(च) नगर विकास कोष, नया वानेश्वर काठमाण्डौवाट मिति २०७६।०४।१३ ,च.न. ३७ को पत्रानुसार यस उपमहानगरपालिकावाट प्रस्तावित वहुउद्येश्यिय भवन परियोजना (Dhangadhi- Plaza) को आर्थिक विश्लेषण गर्नुपर्ने भएकोले उल्लेखित Format अनुसार भाडादर (प्रचलित वजार मुल्य) उपलब्ध गराइपाउ भनि पत्र प्राप्त भएकोले सो सम्बन्धमा यस कार्यालयवाट भाडामा लगाइएका सटर

Scanned by CamScanner

भाडाको आधारमा तपशिल वमोजिम भाडादर कायम गरि पठाएको विवरणलाई अनुमोदन गर्ने निर्णय गरियो ।

| सि.न. | विवरण | शुल्क |
|---|---|---|
| १. | पार्किङ शुल्क | |
| | वाइक | १०। |
| | कार | ३०। |
| २. | भाडादर | |
| | भुईतलाको सटर भाडा | १७०००। |
| | पहिलो तलाको सटर भाडा | १२०००। |
| | दोस्रो तलाको सटर भाडा | १००००। |
| | तेस्रो तलाको सटर भाडा | ९०००। |
| | चौथो तलाको सटर भाडा | ७०००। |
| | पाचौ तलाको सटर भाडा | ५०००। |
| ३. | वैंक तथा व्यावसायिक संस्थाको मासिक भाडा | ५००००। |
| ४ | रेष्टुरेन्टको मासिक भाडा | ५००००। |
| ५ | फिल्महलको भाडादर | १०००००। |
| ६. | होडिङ बोर्डको मासिक भाडादर | ५००००। |
| ७ | सोपिस बिज्ञापनको प्रतिपिस भाडादर | १५०००। |

निर्णय नं.३६.२

मिति २०७६।५।२७ गते बिहान ७ बजे बसेको राजश्व परामर्श समितिले गरेका तपसिल वमोजिमका निर्णयहरूलाई अनुमोदन गर्ने निर्णय गरियो ।

(क) तपसिल बमोजिमका शिर्षकहरूमा देहाय बमोजिम करका दरहरू तोकी राजश्व उठाउने र उक्त करका दरहरू आउदो नगरसभा बाट अनुमोदन गर्ने निर्णय गरियो ।

१। ब्यापार ब्यवसायको पूजी बृद्धि रू १५००।-
२। संगित कला साहित्यको रू १५००।

(ख) आय सम्बन्धि ठेक्कामा वोलपत्र दाताले कवोल गरेको ठेक्का अंक वरावरको नगद रकम वा नेपाल राष्ट्रबैंकबाट स्वीकृत प्राप्त वाणिज्य बैंकद्धारा ठेक्का अवधिसम्मको लागि जारी गरिएको कुल रकम बरावर परफरमेन्स वण्ड दाखिला गरेपछि मात्र ठेक्काको सम्झौता गराई ठेक्का भोग चलनको पट्टा पुर्जी प्रदान गर्नका लागि नेपाल राष्ट्रबैंकबाट स्वीकृत प्राप्त वाणिज्य बैंकको ठेक्का अवधिसम्मको लागि जारी गरिएको परफरमेन्स वण्ड दाखिला गरेमा निज संग ठेक्का सम्झौता गरी कायदिश दिने निर्णय गरियो ।

Scanned by CamScanner

(ग) यस कार्यालयमा पेश हुने ईटा ब्यवसायिका निबेदनहलाई नविकरण गर्नका लागि घरेलु तथा साना उद्योग कार्यालयमा सिफारिस गर्ने निर्णय गरियो ।

(घ) यस नगरपालिकाको स्वामित्वमा रहेको कार्यालय भवनको पश्चिम पट्टीको सोपिङ कम्पलेक्सलाई बहालमा लगाउन सूचना प्रकासित गरिएकोमा कोठा न.७ र ११ मा सबै भन्दा बढी अंक कबोल गर्ने हरू सम्पर्कमा आई कोठालाई आजका मिति सम्म पनि बहालमा नलिएका हुदा रू १२५००। न्युनतम भाडा दर कायम गरि पुन:सूचना प्रकासित गर्ने निर्णय गरियो ।

(ङ) दशरथ भिम उद्यानको ठेक्का तोड्नका लागि आवश्यक कानूनी प्रकृया पुरा गरी कार्य अघाडि बढाउने निर्णय गरियो ।

(च) यस कार्यालयमा आवश्यक पर्ने मालसमान वा परामर्श सेवा खरिद गर्दा वा खरिद प्रक्रिया पुरा गर्दा स्थानीय यस न.पा.को ठेगाना भएका फर्म कम्पनीहरूको हकमा यस न.पा.मा समेत दर्ता भएको फर्म हुनुपर्नेछ ।

३६.३ RUDP III कार्यक्रम अन्तर्गत सडक विस्तार गर्दा ॐ शान्ती चिल्ड्रेन पार्कको उत्तरपट्टीको पर्खाल भत्काई नयाँ सडक मापदण्ड अनुसार Center वाट ११ मी.मा नयाँ पर्खाल निर्माण गर्ने ।

३६.४ रुबस होटल दक्षिण गणेश मन्दीर नजिकको पुरानो कल्भर्ट भत्केको र आवागमन अवरुद्ध भएकोले नयाँ Box Culvert को Estimate तयार गरी वोलपत्र आव्हान गर्ने । (भैपरि पुँजीगत शिर्षक )

३६.५ आ.व.०७६।०७७ को निति तथा कार्यक्रम अनुसार टिपर द्वारा विभिन्न सडकमा ग्राभेल गर्ने तथा सडक मर्मत गर्ने कार्यका लागि तपसिल वमोजिमको टिपर संचालन समिति गठन गर्ने ।

**तपसिल**

संयोजक:- प्रेम सिंह विश्वकर्मा

सदस्य:- धर्मराज उपाध्याय

सदस्य:- भुमिराज जोशी

सदस्य:- देव व.वि.क.

सदस्य:- विशाल वोहरा

सदस्य:- भावना चौधरी

सदस्य सचिव:- ई.दाताराम जोशी

उपरोक्त समिति लाई सहज रुपमा कार्य अगाडी वढाउनका लागि एउटा निर्देशिका तयार गरी आगामी बैठकवाट अनुमोदन गराउने ।

Scanned by CamScanner

३६.६ निर्माण कार्यको गुणस्तर जाँच गर्नका लागि एउटा Concrete Testing Hammer खरीद गर्ने र स्रोतको हकमा न.पा.को आन्तरीक आयवाट खर्च लेख्ने निर्णय गरियो ।

३६.७ ध.न.उ.पा.वा.नं.२ मा रहेको न.पा.जग्गामा AEPC अन्तर्गतको WTE Project अन्तर्गत बायोग्यास प्लान्ट उत्पादनका लागि देव तालिम केन्द्र तथा म्यानेजमेन्ट सेन्टर , AEPC र यस धनगढी उपमहानगरपालिका बीच सम्झौता भई काम शुरु भइरहेको अवस्थामा देव तालिम केन्द्र तथा म्यानेजमेन्ट सेन्टर का प्रमुख रविन पन्त ले संरचनाको सुरक्षाको प्रत्याभुमि माग गर्नु भएकोले सो सम्वन्धमा सो परियोजना यस न.पा.को आफनै परियोजना भएकोले सुरक्षाको पुर्ण प्रत्याभुति दिनुका साथै परियोजना अवधि एकदम छोटो भएकाले परियोजनाको विमा गरि यथाशिघ्र काम संचालन गर्न निर्देशन दिने निर्णय गर्ने

३६.८ प्रदेश सरकार वाट यस धनगढी उपमहानगरपालिकाका विभिन्न वडामा संचालन हुने आयोजनाको वडा कार्यालयसंग समन्वय नभएका कारण दोहोरोपन देखिएको र विभिन्न ठाउमा विवाद उत्पन्न भएको , अनुगमन गर्ने माथिल्लो निकायवाट समेत चासो देखाएकोले यस उपमहानगरपालिका क्षेत्र भित्र संचालन हुने परियोजनाको सम्बन्धमा नगरपालिका तथा वडा संग समन्वय गरी योजना संचालन गरि दिनु हुन अनुरोध गर्न प्रदेश सरकारलाई लेखी पठाउने निर्णय गरियो ।

३६.९ जि.वि.स.चौक देखि कवर्डहल क्याम्पस सडक सम्मको सडकको DPR तयार भएकोले सो सडकको बोलपत्र आव्हान गर्ने । ( ह्यूमपाइप खरीद शिर्षकवाट योजना परिवर्तन )

३६.१० यस न.पा.का विभिन्न सडकमा सडक एरिया भित्र विभिन्न व्यक्तिले अनुमति नलिई ढुङ्गा वालुवा गिट्टी थुपार्ने, धेरै समय सम्म नउठाउने कार्यले गर्दा आवागमनमा अवरोध हुने , सडक दुर्घटना वढ्ने साथै बजारको सौन्दर्यतामा समेत नकारात्मक प्रभाव पर्ने देखिएकोले प्रत्येक वडा कार्यालयवाट सूचना प्रेशित गरी त्यस्ता निर्माण सामाग्री हटाउन लगाउन पत्राचार गर्ने ।

३६.११ यस धनगढी उपमहानगरपालिकाको Economic Development Plan र Tourism road map तयार गर्न GIZ लाई अनुरोध गर्ने ।

३६.१२ यस धनगढी उपमहानगरपालिकाको विकास प्रक्रियामा विभिन्न विकास साझेदारहरुलाई आवद्ध गरी लगानी वातावरणको सिर्जना गर्न Development Conference आयोजना गर्ने ।

३६.१३ GIZ अन्तर्गत Mensural Hygen Program अन्तर्गत 8-12 class सम्मका विद्यालयहरुको शौचालय निर्माण , मर्मत तथा सरसफाईको अवस्था सुधार कार्यक्रम लाई स्विकृति प्रदान गर्ने ।

३६.१४ CCS र Redcross को सहयोगमा तयार भएको यस ध.न.उ.पा. कै स्थानीय विपद व्यवस्थापन तथा जलवायु उत्थाशील योजना २०७५ लाई (3 years Plan ) स्विकृति प्रदान गर्ने ।

३६.१५ Unicef को सहयोगमा तयार भएको यस ध.न.उ.पा.को वालश्रम निवारण सम्बन्धी पञ्चवर्षिय रणनितिक योजना (२०७६ - २०८० ) लाई स्विकृति प्रदान गर्ने ।

३६.१६ धनगढी वा.नं.१ , यस कार्यालयको पश्चिम पट्टी रहेको Nepal Air lines को १० कट्टा जग्गा भाडामा लिइ ठेला व्यापारी लाइ व्यवस्थापन गर्नका लागि माग गर्न निर्णय गरियो ।

Scanned by CamScanner

३६.१७ National Trading खाद्य संस्था वा.नं.३ को जग्गा तरकारी वजार संचालनका लागि माग गर्ने निर्णय गरियो ।

३६.१८ यस धनगढी उपमहानगरपालिकाका वा.नं.८ , क्याम्पस चौकमा रहेको भूमिगत जलश्रोत कार्यालयको जग्गा, हाटवजार संचालन गर्न मांग गर्ने ।

३६.१९ वा.नं.५ तारानगरमा रहेको ५ कट्टा जति सार्वजनिक जग्गा न.पा.द्वारा वाउन्ड्री गरी संरक्षण गरेकोले नगर विकास समितिमा दर्ताका लागि अनुरोध गर्ने ।

३६.२० वा.नं.१२ को डि.गाउँमा रहेको Center plan को जग्गा Vocational Training Center स्थापनाका लागि उपलव्ध गराउने निर्णय गरियो ।

३६.२१ आ.व.०७६।०७७ को लागि नगर प्रमुखवाट सदर भएको वार्षिक खरिद योजना लाई स्वीकृत समर्थन गर्ने निर्णय गरियो ।

३६.२२ धनगढी उप म.न.पा.मा गत आ.व. ०७५।०७६ मा संचालित आयोजना/कार्यक्रमहरुको समीक्षा गरियो । सो सम्बन्धमा प्रमुख प्रशासकीय अधिकृत लगायत महाशाखा एंव शाखा प्रमुखहरुवाट प्रस्तुत प्रगति विवरणका आधारमा प्रतिवेदन तयार गरी पुस्तिका प्रकाशन गर्न नगर कार्यपालिकाको कार्यालयलाई अख्तियारी दिने निर्णय गरियो ।

३६.२३ कृषि विकास शाखावाट पेश भएको युवा लक्षित व्यवसायिक कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि २०७६ स्वीकृत गर्ने निर्णय गरियो ।

३६.२४ यस पूर्व नगर-कार्यपालिकाको कार्यालयवाट कार्यालयको विकास कार्यक्रम संचालन गर्न र सेवा प्रवाहलाई सहज रुपमा प्रवाह गर्न सेवा करारको माध्यमवाट विभिन्न सेवाहरु खरिद गर्न गरिएको सार्वजनिक खरिद सूचना प्रकाशनलाई स्वीकृत गरी समर्थन गर्ने निर्णय गरियो । साथै उक्त सूचना ( मिति २०७६।०४।२७ गतेमा पश्चिमटुडे राष्ट्रिय दैनीक पत्रिकामा र यस कार्यालयको Website मा प्रकाशित सूचना) अनुसार लिखित र मौखिक परीक्षा संचालन गर्न तपसिल वमोजिमको लिखित र मौखिक परीक्षा संचालन समिति गठन गर्ने निर्णय गर्दै उल्लिखित परीक्षा संचालन, व्यवस्थापन समितिले छनौट भएका उम्मेदवारको नाम नगर-कार्यपालिका बैठकमा सिफारिस गर्नु पूर्व आफनो कार्यविधि आफै नियमित गर्ने अख्तियारी समेत प्रदान गरियो । गठित परीक्षा संचालन , व्यवस्थापन तथा छनौट समितिमा तपशिल वमोजिमका पदाधिकारी रहने निर्णय गरियो ।

| | | | |
|---|---|---|---|
| १ | प्रमुख प्र.प्र.अ. श्री नारायण प्र.सापकोटा | - | अध्यक्ष |
| २ | योजना/पूर्वाधार शाखा प्रमुख (प्राविधिक) | - | विशेषज्ञ सदस्य |
| ३ | प्रशासकीय अधिकृत श्री सुरेन्द्र सिंह कार्की | - | सदस्य |
| ४ | जिल्ला प्रशासन कार्यालय कैलालीवाट खटाएको अधिकृत प्रतिनिधि | - | सदस्य |
| ५ | आ.ले.प. शाखाका कर्मचारी श्री हेमराज भण्डारी | - | सदस्य-सचिव |

Scanned by CamScanner

३६.२५ परीक्षा संचालन, व्यवस्थापन तथा छनौट समितिको गणपुरक संख्या विशेषज्ञ सदस्य सहित पचास प्रतिशत उपस्थित दस्तखतको आधारमा हुनेछ । समितिले कार्यालय समय वाहेक र सार्वजनिक विदाको दिन बैठक बसेको र कामकाज गरेको सेवा सुविधा लोक सेवा आयोगको मापदण्ड र नर्म्स अनुसार हुनेछ । समितिले आवश्यकता अनुसार उपसमितिहरु समेत गठन गर्न सक्नेछ । उप-समितिहरुले गरेको कार्यको सेवा सुविधा समितिले पाएको सेवा सुविधा अनुसार नै हुनेछ । समिति र उप-समितिले पाउने सुविधाको बजेट श्रोत न.पा.को आन्तरीक आयबाट खर्च गर्ने समेत अख्तियारी प्रदान गर्ने निर्णय गरिएको छ ।

३६.२६ समितिको काम कर्तव्य र अधिकारमा द्विविधा भएमा समितिको निर्णय अनुसार स्पष्ट हुने अख्तियारी दिईएको छ । यसलाई नगर-कार्यपालिकाको यस पछिका बैठकहरुवाट समर्थन गरिनेछ ।

३६.२७ धनगढी उप-महानगरपालिका City Net को सदस्य बन्ने निर्णय गरियो । सदस्य बन्न लाग्ने शुल्क न.पा.को आन्तरीक आयबाट खर्च लेख्ने निर्णय गरियो ।

३६.२८ यस पूर्व नगरपालिकाले नगरपालिका कार्यालयको परिसर भित्र नयाँ भवन बनाउँदा सो जग्गा नक्सा भित्र परेको जमीनका रुखहरु कटाइ लिलाम टेण्डर खुलाएकोमा चौथो नगरसभावाट समेत टेण्डर प्रक्रियालाई सदर गरी स्वीकृत प्रदान गरेकोले नेपाल सरकार र स्थानिय न.पा.लाई दिनु पर्ने राजश्व बुझाइ लिलाम भएको काठ दाउरा उठाइ लग्न सम्बन्धित बोलपत्रदातालाई अनुमति दिने निर्णय गरियो । यसमा आइपर्ने सम्पूर्ण जवाफदेहीता र जिम्मेवारी नगर-कार्यपालिका (सर्वोच्च कार्यकारीणी) ले लिने सर्व सम्मत निर्णय गरियो ।

३६.२९ नेपाल सरकारवाट प्राप्त सुरक्षित आप्रवासन कार्यक्रम संचालन गर्न सेवा प्रदायक संस्था छनौट सम्बन्धी कार्यविधी २०७५ (नमुना) अनुसार नगरपालिकाले सोहि फरमेट र विधी अनुसारको सुरक्षित आप्रवासन कार्यक्रम संचालन गर्न सेवा प्रदायक संस्था छनौट सम्बन्धी कार्यविधि २०७६ स्वीकृत गर्ने निर्णय गरियो । साथै नगर प्रमुखवाट प्रमाणिकरणभै स्थानीय राजपत्रमा प्रकाशित भई सकेपछि स्वत: कार्यान्वयनमा आउन समेत अख्तियारी प्रदान गरियो ।

३६.३० नगरपालिकामा कार्यरत सामाजिक परीचालकहरुलाई हाल गरिरहेको जिम्मेवारी नै कायम गर्ने र सेवा ज्याला दर सम्बन्धमा नेपाल सरकारले तोकेको न्युन्तम मासिक ज्यालादर रेट नघटाइ न.पा.को आन्तरीक आयबाट खर्च लेख्ने अख्तियारी प्रदान गरियो ।

३६.३१ न.पा.मा कार्यरत करार र ज्यालादारीका कर्मचारीलाई चालु आ.व.भरी प्रत्येक ६/६ महिनामा म्याद थप गर्ने गरी काममा लगाउने निर्णय गरियो । सेवा सुविधा र खर्च लेख्ने श्रोतको हकमा न.पा.को आन्तरीक आयबाट खर्च लेख्ने र तोकिएको दैनिक दररेट नघटाउने निर्णय गरियो ।

३६.३२ चौथो नगरसभामा एक महिना भरी बेलुका विहान लागेका सम्पूर्ण कर्मचारीलाई प्र.प्र.अ.लगायत सम्पूर्ण स्थायी र करार एंव ज्यालादारी कर्मचारीलाई निजहरुले खाइपाइ आएको पन्ध दिन बराबरको उत्प्रेरणा खर्च रकम आगामी वडा दशैं खर्च दिदा थप गरी उपलब्ध गराउने निर्णय गरियो । खर्च भुक्तानी लेख्ने श्रोतको हकमा न.पा.को आन्तरीक आयबाट खर्च लेख्ने निर्णय गरियो ।

३६.३३ धनगढी उपमहानगरपालिकाले यस पूर्व स्वीकृत गरेको टोल विकास संस्था समन्वय समिति गठन तथा परिचालन सम्बन्धी निर्देशिका , २०७४ मा टोल विकास समिति /संस्था/समूहको दर्ता

Scanned by CamScanner

प्रमाणपत्रको नमूना स्वीकृत गर्ने निर्णय गरियो । साथै स्वीकृत ढाँचा न.पा.को निर्णय पुस्तिकामा टाँस गर्ने र ढाँचा स्थानीय राजपत्रमा प्रकाशित भैसकेपछि कार्यान्वयनमा लगिनेछ ।

३६.३४ यस उप-महानगरपालिका को स्वामित्वमा रहेका सवारी साधन कानूनले तोकिएको म्याद सकिएका र लिलाममा उठाउने म्याद भैसकेका (लिलामको लागी १२ वर्ष पुरा भएका र कवाडीको लागी २० वर्ष पुरा भएका ) सवारी साधन, मोटरसाइकिल , डोजर, ट्रिपर लगायतका मेशिनरी आइटम नियमानुसार लिलाममा चढाउन स्वीकृत दिने निर्णय गरियो ।

३६.३५ हरितालिका तिज २०७६ पर्वको पावन अवसरमा वडा कार्यालयले संचालन गरेको तिज कार्यक्रमा भएको खर्च प्रति वडा रु ३५,०००।का दरले खर्च गर्न विविध कार्यक्रम शिर्षकबाट खर्च गर्न अख्तियारी प्रदान गर्ने निर्णय गरियो साथै गौरा पर्व २०७६ को पावन अवसरमा न्यायिक समितिले आयोजना गरेको लैगिंक हिंसा विरुद्धको डेउडा खेल प्रतियोगिता संचालनमा भएको खर्च विल अनुसारको रकम भुक्तानि गर्ने निर्णय गरियो साथै उल्लिखित रकम न.पा.को रातो किताबको विविध कार्यक्रम शिर्षकवाट भुक्तानी लेखने अख्तियारी दिने निर्णय गरियो ।

३६.३६ यस धनगढी उप-महानगरपालिकाका वडामा विवाद मिलाउने कार्यमा संलग्न मेलमिलापकर्ताको संयोजकलाई विवाद निरुपण कार्य व्यवस्थापनका लागि प्रति विवाद वापत वापत रु.३००।०० (रु. तिन सय) मात्र संचार खर्च उपलब्ध गराउने निर्णय गरियो ।

३६.३७ यस धनगढी उप-महानगरपालिकामा सूचीकृत भएका मेलमिलापकर्ताहरु लाई मेलमिलाप सम्बन्धि ऐन २०६८ र मेलमिलाप सम्बन्धि नियमावली २०७० बमोजिम र न्यायिक समिति कार्यविधि ऐन २०७४ को दफा ७१ बमोजिम पक्षहरुले सहमतिमा दिन मञ्जुर गरेमा पक्षहरु वाट बढीमा रु ५००/५०० लिने र पक्षहरु बिच सहमति हुन नसकेमा नगरपालिकाले प्रति विवाद न्यायिक निरुपण गरेवापत विवाद निरुपणमा संलग्न मेलमिलाप कर्ताहरुलाई रु. ३,००।०० पारिश्रमिक दिने निर्णय गरियो । साथै मेलमिलाप गरिएको प्रमाणित आधार पेश गरी पछि मात्र उल्लिखित रकम न.पा.को आन्तरीक आयबाट उपलव्ध गराइनेछ ।

३६.३८ विगतमा यस उप-महानगरपालिका कार्यालयको सुरक्षा तथा पालो पहरा गर्ने कार्यका लागि श्री रेड लायन सेक्युरिटी फोर्स प्रा.लि. श्रीपुर गा.वि.स.६ संग सम्झौता गरी उक्त संस्थाले यस कार्यालयको सुरक्षा तथा पालो पहरा गर्ने कार्य सन्तोषजनक गरीरहेकोले चालु आ.व.का लागि पुन: १ बर्ष थप सम्झौता गरी कार्य अगाडि बढाउने निर्णय गरियो साथै उक्त संस्थाले फर्म नविकरण गरेको कागज , भ्याट र आयकर चुक्ता गरेको प्रमाणको आधारमा मात्र सम्झौताको कार्य अगाडी बढाई सम्झौता गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने निर्णय गरियो । उल्लिखित कागजात पुर्याउन नसकेमा व्यक्तिगत रुपमा खरिद गरिने समेत निर्णय गरियो ।

३६.३९ नगरपालिकावाट प्रदेश सरकार संघ/संस्था, जिल्ला स्थित सरकारी कार्यालयहरु लगायतका संस्थागत कार्यालयहरुको फोहोर व्यवस्थापन गर्दा तपसिल अनुसारको सेवा शुल्क लिने निर्णय गरियो ।

(क) प्रदेश मन्त्रालय र अन्तर्गत कार्यालयको प्रति महिना रु.५००।

Scanned by CamScanner

(ख) जिल्ला (न.पा. क्षेत्र, स्थित) सरकारी कार्यालयहरुको हकमा मासिक रु.३००।

(ग) न.पा.स्थित संघ/संस्था हरु मासिक रु.३००।

(घ) यस ध.उ.म.न.पा.भित्र रहेका होटलहरुलाई सरसफाई शुल्क मासिक रु.५००।

३६.४० स्थानीय तहमा स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नविकरण सम्वन्धी निर्देशिका, २०७४ (नमुना) अनुसार नगरपालिकाले सोही फर्मेट र विधि अनुसारको धनगढी उपमहानगरपालिका स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नविकरण सम्बन्धी निर्देशिका, २०७६ लाई स्वीकृत गर्ने निर्णय गरियो । साथै नगर प्रमुखवाट प्रमाणिकरणभै स्थानीय राजपत्रमा प्रकाशित भई सकेपछि स्वत: कार्यान्वयनमा आउन समेत अख्तियारी प्रदान गरियो । साथै नेपाल सरकारले उक्त निर्देशिका पुन: परिमार्जन गरेमा यस नगर कार्यपालिकाले समेत पुन: परिमार्जन गरी लागु गर्ने निर्णय गरियो ।

३६.४१ न.पा.को लेखा प्रणाली सुत्र प्रणालीमा आवद्ध भैसकेकोले र नेपाल भरीका स्थानीय सरकारले सुत्र बजेट प्रणाली अर्थ मन्त्रालयमा Reporting गरेको सुखद अवस्थालाई सदैव कायम गर्न आवश्यकता देखिएको । यस सन्दर्भमा न.पा.भित्रका लेखाका कर्मचारीहरु कम भएको र सो अनुसार समेत नभएको अवस्थामा को.ले.नि.का.कैलाली र प्रदेश को.ले.नि.का.कैलालीका क्रमश: ले.पा. श्री लक्ष्मी जोशी र अधिकृत छैटौ श्री राम वहादुर वोगटीलाई सुत्र प्रणाली संचालन गर्न अनुरोध गरिएको र निजहरुले यस कार्यालयमा बेलुका, विहान, सार्वजनिक विदाको दिन लेखा व्यवस्थापनमा काम गरेको दैनिक हाजिरी प्रमाणितका अधारमा नेपाल सरकार, अर्थ मन्त्रालयले तोकेको Norms अनुसार खाजा, खाना खर्च वापत उपलव्ध गराउने निर्णय गरियो । साथै उक्त खर्च न.पा.को आन्तरीक आयबाट खर्च लेख्ने निर्णय गरियो ।

३६.४२ नगरपालिकाको बजार अनुगमन र गुणस्तर नियन्त्रणका लागी उपभोक्ता हित संरक्षण शाखाले बजार अनुगमन र प्रबर्द्धनका कार्यकम संचालन गर्न अनुमति दिने निर्णय गरियो । साथै कार्यबिधिमा तोकिए अनुसार बजार अनुगमनका लागि खटिने पदाधिकारी र संस्थाको दैनिक खाना खाजा खर्च प्रति ब्यक्ति रु.७००। (सात सय) उपलब्ध गराउने निर्णय गरियो । (अनुगमन गरेको दिन मात्र )

३६.४३ यस नगरपालिकाको आन्तरिक आयवाट खर्च लेख्ने गरि न.पा.को रातो किताव (आ.ब. २०७६/०७७) को ......... शिर्षकवाट कट्टा हुने गरि तपसिल अनुसारको खर्च अनुदान दिने निर्णय गरियो ।

| क्र.सं. | आर्थिक सहयोग | रकम |
|---|---|---|
| १ | तङ्ग.ई.मो.दो प्रतियोगिता | रु.११,०००। |
| २ | गुरही पर्व २०७६ क्याम्पसरोड | रु.१,५०,०००। |
| ३ | गुरही कार्यक्रम वडा नं.१ प्रगति टोल संस्था | रु.२५,०००। |
| ४ | शेर ब.वुढा (जोखर तालको पानी परीक्षण) | रु.५,०००। |
| ५ | वडा नं.४ अशोक अछामी उपराच सम्बन्धी | रु.७,०००। |
| ६ | आदर्श ओभा वडा नं. ११, ईन्टरनेशनल ओलोम्पेड | रु.५१,०००। |
| ७ | सु.प.सांस्कृतिक संबद्धन (गौरा कार्यक्रम) बनदेवी मन्दिर | रु.१५,०००। |

Scanned by CamScanner

| | | |
|---|---|---|
| ८ | कमैया महिला जागरण समाज | रु.५,०००। |
| ९ | मुक्त कमैया समाज | रु.५,०००। |
| १० | वडा नं.१३ भवानी कामी (उपचार खर्च) | रु.५,०००। |
| ११ | वडा नं.१३ अमित नेपाली (उपचार खर्च) | रु.५,०००। |
| १२ | Rock castle studios (Motivational Seminar 2019) | रु.२५,०००। |
| १३ | होटल व्यवसायी संघ कैलाली (होटल सम्बन्धी तालिम ) | रु.१,५०,०००। |
| १४ | Ms/Mrs राना थारु कल्चर आईडल फेस प्रोग्राम | रु.२५,०००। |
| १५ | सु.प.प्रदेश स्तरीय बुद्धिचाल (चेस) प्रतियोगिता | रु.११,०००। |
| १६ | मिना देवी ताडी (सुदूरपश्चिमको शान हाम्रो पहिचान प्रतियोगिता) | रु.११,०००। |
| १७ | संयुक्त राना जनचेतना परिवार जुगेडाले आयोजना गरेको भलिवल कपका लागि (खेलकुद शिर्षक) | रु.५१,०००। |
| १८ | कैलाली जिल्ला जेसिस लाई | रु. ३,००,०००।०० |
| १९ | धनराज वि.क. वडा नं. १२ लाई | रु. ११,०००।०० |
| २० | गौरा प्रतियोगिता वापत | रु. १,००,०००।०० |
| २१ | टिकापुरमा सदभाव वापत थरुहट कार्यक्रमलाई | रु. ४०,०००।०० |
| २२ | नेपाल घरेलु तथा साना महासघलाई | रु. १००,०००।०० |
| २३ | ईश्वरा देवी पार्कीलाई | रु. ७,०००।०० |
| २४ | सु.प. ईन्टरटेनमेन्ट प्रा.लि. हाउस | रु. ४०,००० |
| २५ | टेक ब. चोखाल स्मृति फुटसलकप प्रतियोगिता | रु. १००,०००।०० |
| २६ | गुरु भक्ति महोत्सव २०७६ धनगढी ४ उत्तर बेहडी | रु ३००००। |

३६.४४ स्वीपर र सरसफाईमा काम गर्ने कर्मचारीको सार्वजनिक विदाको दिन काम गरेमा खाजा खर्च वाफत दैनिक रु. ३०० रुपैया प्रति व्यक्ति सामान्य प्रशासन शाखाको प्रमाणितको आधारमा भुक्तानी गर्ने निर्णय गरियो । साथै श्रोतको हकमा न.पा.को आन्तरिक आयवाट खर्च लेख्ने निर्णय गरियो ।

३६.४५ धनगढी उप-महानगरपालिका शहरलाई प्लाष्टिक रहित शहर वनाउन तपसिल बमोजिमको कार्य गर्ने निर्णय गरियो ।

(क) प्लाष्टिंकको प्रयोगलाई कम गर्दै लैजाने र प्लाष्टिकलाई पुनः प्रयोग गर्ने ।

(ख) प्लाष्टिकको सडक निर्माण गर्ने

(ग) कपडाको झोला प्रयोग गर्नको लागि विभिन्न कार्यक्रम सञ्चालन गर्ने ।

(घ) नयाँ Innovation र Promotional activities सञ्चालन गर्ने । सो का लागि न.पा. वाट कार्य सञ्चालन गर्ने र लाग्ने खर्च न.पा.को आन्तरिक श्रोतबाट व्यहोर्ने ।

३६.४६ UNCRD (United Nation Center For Regional Development) जापानको निमन्त्रणा पत्रको आधारमा यहि सन् 13 November 2019 Ecvador सञ्चालन हुने Mayors Forum मा भाग लिने यस उप-महानगरपालिका नगर प्रमुख श्री नृप बहादुर वडलाई

Scanned by CamScanner

मनोनयन गरियो । साथै लाग्ने सम्पूर्ण खर्च आयोजक संस्थाले नै व्यहोने गरि परराष्ट मन्त्रालयलाई VISAका लागि सिफारिस गर्ने संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो । साथै Seventh Asian Pecefic Urban Forum (APUF7) मलेसियामा 15-17 september 2019 मा सञ्चालन हुने कार्यक्रममा यस उप-महानगरपालिकावाट नगर प्रमुख श्री नृप वहादुर वडलाई मनोनयन गर्नुका साथै उक्त कार्यक्रममा सहभागि हुँदा लाग्ने सम्पूर्ण खर्च आयोजक संस्थालेनै व्यहोर्ने गरि परराष्ट मन्त्रालयलाई VISAका लागि सिफरिस गर्ने संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गने निर्णय गरियो ।

३६.४७ Inergovernmental 12th Regional Enviromnentally Sustainable, Transport (EST) Forum in Asia 28-31 October 2019, Hanoi, VietNam मा सञ्चालन हनु कार्यक्रममा माग लिन यस उप-महानगरपालिका उप-नगर प्रमुख श्री सुशीला मिश्र भट्टलाई मनोनयन गरियो । साथै लाग्ने सम्पूर्ण खर्च आयोजक संस्थाले नै व्यहोने गरि परराष्ट मन्त्रालयलाई VISA का लागि सिफारिस गर्ने संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

३६.४८ सडक मापदण्ड अनुसार सडका चौडाईहरुलाई नियमित गर्नका लागि प्रचलित कानून बमोजिम हुने गरी कार्यविधि तयार गरी कार्यान्यवनमा लैजाने निर्णय गरियो ।

३६.४९ लागू औषध दुर्व्यसनबाट प्रभावित व्यक्तिहरु वा सर्वसाधारणलाई लागू औषद दुर्व्यसन विरुद्ध र लागू औषधको रोकथाम कार्यक्रम संचालन गर्न देहाय बमोजिम नगर स्तरिय लागू औषध नियन्त्रण समिति गठन गर्ने निर्णय गरियो ।

१. अध्यक्ष श्री नृप बहादुर वड नगर प्रमुख
२. सदस्यः श्री सुशीला मिश्र भट्ट नगर उपप्रमुख
३. सदस्य श्री स्वास्थ्य संयोजक
४. सदस्य श्री शिक्षा शाखा संयोजक
५. सदस्य श्री प्रधानाध्यापक त्रिनगर मा.वि. धनगढी
६. सदस्य श्री प्रधानाध्यापक सरस्वती नि.मा.वि. मनेहरा
७. सदस्य श्री अध्यक्ष प्याब्सन धनगढी
८. सदस्य श्री तपेन्द्र भुसाल समावेसी आवाज मंच नेपाल
९. सदस्य श्री सानु कुमारी चौधरी जनस्वास्थ्य तथा वातावरण समुह
१०. सदस्य श्री निरज चटौत सन्देश नेपाल धनगढी
११. सदस्य श्री सूर्यमाया श्रेष्ठ आमा समुह
१२. सदस्य श्री अम्विका भण्डारी आमा समुह
१३. सदस्य श्री महेश गोले फुलवारी युवा क्लव
१४. सदस्य श्री विजयराज जोशी नगर बाल संजाल
१५. सदस्य श्री जगत साउद सभापती नेपाल पत्रकार महासंघ, कैलाली
१६. रादस्य श्री वडा प्रहरी कार्यालय प्रमुख धनगढी
१७. सदस्य सचिव श्री नारायण प्रसाद सापकोटा प्रमुख प्रशासकीय अधिकृत



Scanned by CamScanner

# युवा लक्षित व्यवसायिक कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७६

## पृष्ठभुमि

देशको कुल ग्राहस्थ उत्पादनको एक तिहाइ भन्दा बढी कृषि क्षेत्रबाट प्राप्त हुने र दुइ तिहाइ भन्दा बढी जनसंख्या रोजगारी तथा जिविकोपार्जनका लागी यस क्षेत्रमा निर्भर रहने भएकोले नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रको महत्वपुर्णभुमिका रहेको स्पष्ट छ । नेपालबाट प्रत्येक वर्ष लाखौको संख्यामा उत्पादनशिल युवाहरु वैदेशिक श्रम बजारमा प्रवेश हुने गरेका छन् र धनगढी उप–महानगरपालिका क्षेत्रबाट पनि युवाहरु विदेशिने क्रम जारी छ । यसै सन्दर्भमा युवाहरुलाई स्वदेशमै रोजगारी उपलब्ध गराउनकृषि क्षेत्रमा आकर्षित गरी कृषिको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने र कृषि क्षेत्रको व्यवसायिकरण वाट आय आर्जन बढाउने उद्धेश्यले संचालित युवा लक्षित कार्यक्रमलाई थप प्रभावकारी रुपमा सञ्चालन गर्न "युवा लक्षितव्यवसायिक कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७६" तयार गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो कार्यविधिको नाम "युवा लक्षित व्यवसायिक कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७६" रहेको छ ।

(ख) यो कार्यविधि धनगढी उप–महानगरपालिका कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषा**

क) **"युवा लक्षित कार्यक्रम"** भन्नाले धनगढी उप–महानगरपालिकाबाट युवाहरुलाई कृषि क्षेत्रमा आकर्षित गर्न संचालन गरिने व्यवसायिक तरकारी खेती,मौरीपालन र च्याउ खेती कार्यक्रम भन्ने बुझ्नु पर्दछ ।

ख) **"युवा "** भन्नाले युवालक्षित कार्यक्रम सञ्चालन गर्न चाहने १८ देखि ५० बर्ष सम्मका नेपाली नागरिक भन्ने बुझ्नु पर्दछ ।

ग)**"समिति"** भन्नाले यस कार्यबिधि अनुसार धनगढी उप–महानगरपालिकाले युवा लक्षित कार्यक्रम संचालन गर्न गठन गरेको समितिलाई जनाउँदछ ।

घ)**"च्याउ उत्पादन कार्यक्रम"** भन्नाले च्याउको बीउ उत्पादन तथा बिक्रि बितरण,ताजा च्याउ उत्पादन गर्न गरिने उन्नत र आधुनिक प्रबिधियुक्त कामलाई जनाउँदछ ।

ङ)**"मौरीपालन"** भन्नाले मह, मौरीगोला उत्पादन, घार र मौरी सम्बन्धी उपकरण निर्माण संग सम्वन्धित व्यवसायलाई बुझाउँदछ ।

च)**"तरकारी खेती"** भन्नाले व्यवसायिक रुपमा आधुनिक प्रबिधि प्रयोग गरी गरिने मौसमी, वेमौसमी र संरक्षित तरकारी खेतीलाई बुझाउँदछ ।

छ)**"सम्बन्धित वडा"** भन्नाले स्थायी वा अस्थायी रुपमा बसोबास गरी तरकारी खेती/मौरीपालन/च्याउ खेती व्यवसाय सञ्चालन गरिने धनगढी उप–महानगरपालिकाको वडा सम्झनु पर्दछ ।

ज)**"आयोजना"** भन्नाले तरकारी खेती/मौरीपालन/च्याउ खेती/व्यवसाय सञ्चालनको छनोट भएको कार्यक्रम भन्ने बुझ्नु पर्दछ ।

झ)**"प्रस्ताव"** भन्नाले तरकारी खेती/मौरीपालन/च्याउ खेती व्यवसाय सञ्चालनको लागी युवा व्यवसायीले तयार गरी पेश गरेकाको आयोजना प्रस्ताव भन्ने बुझ्नु पर्दछ ।

ञ) **"कार्यालय"** भन्नाले धनगढी उप–महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय भन्ने बुझ्नु पर्दछ ।

ट) **"उप–महानगरपालिका"** भन्नाले धनगढी उप–महानगरपालिकाभन्ने बुझ्नु पर्दछ ।

ठ) **"संयोजक"** भन्नाले युवा लक्षित कार्यक्रमको संयोजक भन्ने बुझ्नु पर्दछ ।



Scanned by CamScanner

३. उद्धेश्य :

यस कार्यविधिका उद्धेश्य देहाय बमोजिम रहेको छ ।

क)तरकारी खेती/मौरीपालन/च्याउ खेती व्यवसाय सञ्चालनको लागी आवश्यक पर्ने प्रविधि तथा अनुदान प्रदान गर्ने ।

ख) युवाहरुको लागी स्वदेशमा रोजगारीको अवसरहरु श्रृजना गर्न सहयोग पुऱ्याउने ।

ग) युवाहरुको आय आर्जनमा टेवा पुऱ्याई कृषक परिवारको जिवनस्तरमा सुधार ल्याउन सहयोग पुऱ्याउने ।

घ) कृषिजन्य वस्तुहरुको उत्पादन र उत्पादकत्वमा बृद्धि गरी आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनमा टेवा पुऱ्याउने ।

ङ) कृषि पेशालाई प्रतिस्पर्धी, व्यवसायिक र मर्यादित बनाउने ।

च) धनगढी उप–महानगरपालिकाबाट संचालन गरिने युवा लक्षित कार्यक्रमलाई पारदर्शी बनाउने ।

## परिच्छेद-२
## युवा लक्षित कार्यक्रम तथा कार्यक्रम सञ्चालन विधि

**४. युवा लक्षित कार्यक्रम** : यस कार्यविधि अर्न्तगत देहाय बमोजिमका कार्यक्रमहरु सञ्चालन गरिने छन् ।

क) व्यवसायिक तरकारी उत्पादन कार्यक्रम

ख) व्यवसायिक मौरीपालन कार्यक्रम

ग) व्यवसायिक च्याउ उत्पादन कार्यक्रम

**५) युवा लक्षित व्यवसायिककार्यक्रम कार्यान्वयन समिति**

धनगढी उप–महानगरपालिकाबाट संचालन गरिने युवा लक्षित व्यवसायिक कार्यक्रम कार्यान्वयनको लागि तपसिल अनुसारको समिति गठन गरिने छ ।

| | |
|---|---|
| क) आर्थिक विकास समितिको अध्यक्ष | अध्यक्ष |
| ख) आर्थिक विकास समितिका सदस्यहरु | सदस्य |
| ग) कृषि विकास अधिकृत | सदस्य |
| घ) कृषि अधिकृत | सदस्य–सचिव |

**६) समितिको काम, कर्तब्य र अधिकार**

क) स्वीकृत कार्यक्रम अनुसारको युवा लक्षित कार्यक्रमको सुचना प्रकाशन गराउने ।

ख) सुचना अनुसार प्राप्त भएका निवेदनहरुको मूल्यांकन गरी आयोजना छनोट गरी अनुदान रकम निर्धारण गर्ने ।

ग) छनोट भएका आयोजनाहरुको अनुगमन, मूल्यांकन गर्ने ।

घ) छनोट भएका आयोजनाहरुको अन्तिम भुक्तानीको निर्णय गर्ने ।

ङ) कार्यक्रम संचालनका सम्वन्धमा कुनै बिवाद उत्पन्न भएमा सो को निरुपण गर्ने ।

च) कार्यक्रमको संयोजक तोक्ने ।

## परिच्छेद-३
## कार्यक्रम कार्यान्वयन

**७) कार्यक्रम कार्यान्वयन प्रकृया**

क) **सुचना प्रवाह** :यस कार्यबिधिको दफा ५ अनुसार गठन भएको समितिको निर्णय अनुसार कार्यक्रम सञ्चालन गर्दा अपनाउनु पर्ने आधारहरु तथा कार्यविधि बारे स्थानिय पत्र पत्रिका/नगरपालिकाको कार्यालय र वडा कार्यालयहरु/स्थानिय एफ.एम.मार्फत अनुसुची १ बमोजिमको ढाँचामा सुचना प्रवाह गराउनु पर्नेछ ।



Scanned by CamScanner

**ख) निबेदन पेश गर्ने :** दफा ७(क) अनुसारको सुचना अनुसार इच्छुक कृषक/कृषक समुह/कृषि सहकारी/कृषि उद्यमी (दर्तावाला) हरुले कार्यालयबाट प्राप्त ढाचा (अनुसुची–२)अनुसारको निवेदन कार्यालयमा पेश गर्नु पर्ने छ।

**ग) स्थलगत प्रमाणिकरण :** दफा ७(ख) अनुसार पर्न आएका निवेदनहरुको सम्वन्धित प्राविधिक वा समितिवाट तोकिएका ब्यक्ति र कार्यक्रम संयोजकबाट फिल्ड अवलोकन गरी कार्यक्रम संचालन गर्न उपयुक्त भए/नभएको प्रतिवेदन पेश गर्नु पर्ने छ।

**घ) आयोजना छनोट :** दफा ७(ग) अनुसार को प्रतिबेदन प्राप्त भए पछी सोही प्रतिबेदन र बिनियोजित बजेटको आधारमा समितिले आयोजना छनोट गर्नु पर्ने छ। आयोजना छनोट गर्दा छनोट भएका आयोजनाको बढीमा २० प्रतिशत बैकल्पिक आयोजना समेत छनोट गर्नसकिने छ।

**ङ) अनुदान रकम निर्धारण :** युवा लक्षित ब्यवसायिक कृषि कार्यक्रमको लागि अनुदान निम्नानुसार निर्धारण गरिने छ।

**(१)ब्यवसायिक तरकारी खेती कार्यक्रम**

- यसं कार्यक्रम अन्तरगत खुला तरकारी खेती गर्दा न्युनतम ५/५ कट्ठा क्षेत्रफलमा २ सिजनमा तरकारी खेती गर्नु पर्ने छ।
- संरक्षित तरकारी खेती (प्लाष्टिकघर, टनेल आदी) गर्दा कम्तीमा २०० वर्ग मिटर क्षेत्रमा संरक्षित तरकारी खेती गर्नु पर्ने छ।
- यस कार्यक्रमबाट तरकारी खेती गर्न आवश्यक पर्ने कृषि औजार र अन्य उत्पादन सामाग्री समेत खरिद गर्न सकिने छ।
- खेती गर्नको लागिकार्यालयबाट तयार गरिएको लागत इष्टिमेट/दरभाउपत्रको बढीमा ५०% उप–महानगरपालिकाले अनुदान उपलब्ध गराउने छ भने बाँकी रकम उपभोक्ताले ब्यहोर्नु पर्ने छ।

**२) ब्यवसायिक च्याउ खेती कार्यक्रम**

- कन्ये च्याउ खेती गर्दा कम्तीमा ४०/४० किलो च्याउको वीउ प्रयोग गरी २ सिजनमा च्याउ उत्पादन गर्नु पर्ने छ भने गोब्रे च्याउको लागि २०/२० किलो च्याउको वीउ प्रयोग गरी २ सिजनमा च्याउ उत्पादन गर्नु पर्ने छ र सो को लागि आवश्यक पर्ने टहरा समेत निर्माण गर्न सकिने छ।
- च्याउ खेती गर्न आवश्यक पर्ने मेशनरी औजार र अन्य उत्पादन सामाग्री समेत खरिद गर्न सकिने छ।
- यसरी खेती गर्नको लागि कार्यालयबाट तयार गरिएको लागत इष्टिमेट/दरभाउपत्रको बढीमा ५०% उप–महानगरपालिकाले अनुदान उपलब्ध गराउने छ भने बाँकी रकम उपभोक्ताले ब्यहोर्नु पर्ने छ।

**३) ब्यवसायिक मौरीपालन कार्यक्रम**

- मौरीपालन कार्यक्रममा गोला सहित मौरीघार कम्तीमा १० वटा र महमदानी १ वटा र अन्य आवश्यक सामाग्रीहरु (पंजा, टोपी, घारज्यावल, धुवादानी, स्टेण्ड आदी) खरिद गर्नु पर्ने छ।
- मह/मैन/घार निर्माणका लागि आवश्यक पर्ने मेशनरी औजार र उत्पादन सामाग्री समेत खरिद गर्न सकिने छ।
- मौरीपालन गर्नको लागि कार्यालयबाट तयार गरिएको लागत इष्टिमेट वा दरभाउपत्रको बढीमा ५०% उप–महानगरपालिकाले अनुदान उपलब्ध गराउने छ भने बाँकी रकम उपभोक्ताले ब्यहोर्नु पर्ने छ।

तर, युवा लक्षित ब्यवसायिक कृषि कार्यक्रम अन्तरगत एकल महिला, मुक्त हलिया र मुक्त कमैयाहरुले पेश गरेको प्रस्तावमा ७५% सम्म अनुदान दिन सकिने छ।



Scanned by CamScanner

**च) सम्झौता गर्ने :** दफा ७(घ) अनुसार छनोट भएका आयोजनाका उपभोक्ताहरुलाई कृषि विकास शाखाले ७ दिनको समय तोकी संम्झौता गर्न बोलाउनु पर्ने छ र अनुसुची–४ अनुसारको ढाचामा सम्झौता गर्नु पर्ने छ । तर तोकीएको समयावधी भित्र सम्झौता गर्नको लागि उपभोक्ता कार्यालयमा सम्पर्क राख्न नआएमा प्राथमिकता क्रम अनुसार बैकल्पिक आयोजनाहरु संग सम्झौता गरी कार्यक्रम कार्यान्वयन गर्न सकिने छ ।

## परिच्छेद-४
## युवा लक्षित कार्यक्रम छनौट

**८) युवा लक्षित कार्यक्रम छनौटका आधारहरु :**

युवालक्षित कार्यक्रम सञ्चालनको लागि युवा कृषक तथा क्षेत्र छनौटका आधारहरु देहाय बमोजिम हुनेछन् ।

क) कार्यक्रम संचालन गरिने स्थल प्राविधिक, भौगालिक तथा आर्थिक दृष्टिकोणले उपयुक्त हुनुपर्ने छ ।

ख) खेतीको लागी जमीन आफ्नै वा भाडामा लिएर गर्न सकिने छ । कार्यक्रम सञ्चालन धनगढी उप–महानगरपालिका क्षेत्र भित्र गर्नका लागी प्रस्ताव गरेको हुनुपर्ने छ ।

ग) खेतीको लागी सम्बन्धित युवाहरुले आयोजनाको कुल लागतको कम्तीमा ५०% व्यहोर्नेगरी प्रस्ताव पेश गरेको हुनु पर्नेछ । उक्त रकम/श्रमदान/जिन्सी वा तिनै थरी गरी हुन सक्ने छ । तर एकल महिला र मुक्त हलिया/कमैयाहरुलाई कम्तीमा २५ %व्यहोर्ने गरी प्रस्ताव पेश गरेको हुनु पर्नेछ ।

घ) एकल महिला, दलित, मुक्तहलिया/कमैया, बिदेशमा कृषि कार्यमा संलग्न भई फर्किएका र सामाजिक रुपमा पिछडिएका तथा विपन्न युवावर्गलाई विशेष प्राथमिकता दिईने छ ।

ङ) आयोजना छनौट गर्दा धनगढी उप–महानगरपालिकाले निर्धारण गरेको पकेट क्षेत्र वा सो आसपासका क्षेत्रलाई प्राथमिकता दिईने छ । बाली विशेषका लागि कुनै क्षेत्र तोकेर पकेट क्षेत्र निर्धारण गर्न सकिने छ ।

च) वातावरणीय अनुकुलका आयोजनाहरुलाई प्राथमिकता दिईने छ ।

छ) धनगढी उप–महानगरपालिका वा अन्य सरकारी/गैरसरकारी निकायबाट एक पटक अनुदान पाएका कृषक समुह/सहकारी/फर्ममा रहेका कृषक/कृषक परिवारलाई २ वर्ष सम्म पुनः अनुदान दिईने छैन ।

ज) छनौट भएका आयोजनाहरु सोही आर्थिक वर्ष भित्र पुरा हुनुपर्दछ ।

## परिच्छेद-५
## बिविध

**९. युवा लक्षित ब्यवसायिक कृषि कार्यक्रमको कार्यक्रम संयोजक र निजको दायित्व :**

युवा लक्षित व्यवसायिक कृषि कार्यक्रमको संयोजक र निजको दायित्व देहाय बमोजिम हुनेछ ।

क) युवा लक्षित कार्यक्रमको लागी धनगढी उप-महानगरपालिकापालिका नगरकार्यपालिकाको कार्यालयका कृषि विकास अधिकृत वा निजको सिफारिसमा समितिले कृषि अधिकृतलाई संयोजकको जिम्मेवारी तोक्न सक्ने छ ।

ख) संयोजकले नगरपालिका क्षेत्रमा संचालित युवा लक्षित कार्यक्रममा देखिएको समस्याहरु सम्बन्धित विषय विशेषज्ञ र वडाको सहयोगमा निरीक्षण, अनुगमन, मूल्यांकन गरी समाधान गर्नुपर्नेछ ।

ग) प्रत्येक आयोजनामा भए गरेका कार्यहरुको अभिलेख राखी प्रगति प्रतिबेदन तयार गर्नु पर्ने छ ।

घ) फिल्ड अनुगमन गरी युवा लक्षित कार्यक्रमको भुक्तानीको लागि सिफारिस गर्नु पर्ने छ ।

**१०. कार्य सम्पन्न प्रतिवेदन :** युवा कृषकहरुले पेश गरेका आयोजना र सम्झौता अनुसार कार्यक्रम सम्पन्न भई सकेपछि सम्बन्धित वडा कार्यालय र कार्यक्रम संयोजकले कार्यक्रमको अनुगमन गरी धनगढी उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्नेछ ।



Scanned by CamScanner

**११.अनुगमन तथा मूल्यांकन व्यवस्था** : आवश्यकता अनुसार धनगढी उप-महानगरपालिका, युवा लक्षित व्यवसायिक कृषि कार्यक्रम कार्यान्वयन समिति, कृषि विकास शाखा, कार्यक्रम संयोजक र वडा कार्यालयबाट नियमित अनुगमन गरिने छ। अनुगमन तथा मूल्यांकनको प्रतिवेदन अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

**१२. भुक्तानी प्रकृया:** स्वीकृत भएका आयोजनाहरुलाई धनगढी उप-महानगरपालिकावाट बढीमा २ किस्तामा रकम उपलब्ध गराइने छ । पहिलो किस्ता बापतको रकम युवा लक्षित कार्यक्रमको लागी विनियोजित वजेटको ५० प्रतिशत काम शुरु भैसके पछी र बाँकी दोश्रो किस्ता कार्य सम्पन्न प्रतिवेदन र बिल भपाई संलग्न राखी सिफारीस भइ आएपछि सम्झौता अनुसार बैक खाता मार्फत भुक्तानी गरिने छ।

**१३. कार्वाहीको व्यवस्था** : प्रस्ताव स्वीकृत भएका युवा कृषकहरुले स्कीम र सम्झौता अनुसार कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई दुरुपयोग गरेको पाइएमा नेपाल सरकारको प्रचलित ऐन नियम तथा कानून वमोजिम कार्वाही गरी सरकारी रकम असुल उपर गरिने छ र यस्ता युवाहरुलाई उप–महानगरपालिकाबाट संचालन हुने कुनै पनि कार्यक्रममा ३ बर्ष सम्म समावेस गरिने छैन।

**१४. प्रचलित कानुन लागू हुने** : युवा लक्षित कार्यक्रम कार्यान्वयनको सम्वन्धमा प्रचलित कानूनमा उल्लेख भएकोमा सोही बमोजिम तथा उल्लेख नभएको कार्यक्रमको हकमा यसै कार्यविधि वमोजिम कार्यान्वयन हुनेछ

**१५ कार्यविधि संशोधन तथा परिमार्जन** : धनगढी उप–महानगरपालिकाले यस कार्यविधिमा समयानुकुल आवश्यक परिमार्जन एवं संशोधन गर्न सक्नेछ।

**१९) बिमा** : युवा लक्षित व्यवसायिक कृषि कार्यक्रम अन्तर्गत संचालन हुने आयोजनाको सम्भाव्यताको आधारमा बिमा गराउनु पर्नेछ।

Scanned by CamScanner

अनुसुची-१

तरकारी/च्याउ/मौरीपालन सम्बन्धि युवा लक्षित कार्यक्रमको प्रस्ताव आह्वानको सुचनाको ढाँचा

सुचना । सुचना ॥ सुचना ॥।

धनगढी उप–महानगरपालिकाको आ.व. २०........../........ को स्वीकृत कार्यक्रम अनुसार कृषक/कृषक समुह/कृषि सहकारी/ कृषि फर्ममा आवद्ध युवाहरुको लागि युवा लक्षित (तरकारी/च्याउ/मौरी पालन सम्बन्धि) कार्यक्रमको माध्यमबाट स्वरोजगार प्रवर्द्धन गर्ने कार्यक्रम रहेको हुदाँ ईच्छुक युवा/युवती (१८ पुरा भई ५० वर्ष ननाघेको) हरुबाट युवा लक्षित कार्यक्रममा सहभागी हुन दरखास्त आव्हानको लागी यो सुचना प्रकाशित गरिएको छ । यो सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र तपशिल अनुसारका कागजातहरु संलग्न राखी तोकिएको ढाँचा अनुसारको आवेदन पेश गर्नु हुन सम्बन्धित सवैको जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ ।

**तपशिल**

१. अनुसुची २ अनुसारको आवेदन फाराम ।

२. अनुसुची ३ अनुसारको संक्षिप्त कार्य योजना ।

३. नेपाली नागरिकता प्रमाणपत्रको फोटोकपी

४.कृषक समुह/सहकारी/फर्म दर्ता भएको प्रमाण पत्र र पान नं. लिएको भए सो र नगरपालिकामा व्यवसाय दर्ता प्रमाण पत्रको फोटोकपी

५.खेती गरिने जग्गाको जग्गा धनी दर्ता प्रमाणपुर्जा/सम्फौता/वडा सिफारिसको फोटोकपी

६.अन्य प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता आदि) को फोटोकपीहरु

७. बिदेशबाट फर्केको भए राहदानी र काम गरेको प्रमाणको फोटोकपी

८. वडा कार्यालयको सिफारिस

९.एकल महिला/मुक्त कमैया र मुक्त हलिया भए सो को प्रमाणपत्र को फोटोकपी

Scanned by CamScanner

अनुसुची -२

(तरकारी/च्याउ/मौरी सम्वन्धि कार्यक्रममा अनुदान सहयोग प्राप्त गर्नको लागी दिईने आवेदन पत्र)

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू
धनगढी उप-महानगरपालिकाको कार्यालय
धनगढी, कैलाली, सुदुरपश्चिम प्रदेश, नेपाल ।

बिषय : युवा लक्षित कार्यक्रममा अनुदान सहयोग उपलब्ध गराई पाँउ बारे ।

महोदय,

म/हामीलाईधनगढी उप–महानगरपालिकाको युवा लक्षित कार्यक्रम अन्तर्गत ................................ कार्यक्रमबाट अनुदान सहयोग प्राप्त गरि ........................ कार्य गर्न तिव्र ईच्छा भएकाले निवेदन पेश गरेको छु । मैले/हामीले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार धनगढी उप–महानगरपालिका भित्रै रही कार्य गर्नेछु । साथै, यसमा लेखिएका र पेश भएका कागजात सबै ठिक साचो हो झुटा ठहरे कानुन बमोजिम सहुला/बुझाउला भनी तपशिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखेको व्यहोरा अनुरोध गर्दछु ।

तपशिल

१. अनुसुची ३ अनुसारको संक्षिप्त कार्ययोजना ।
२. नेपाली नागरिकताको प्रमाणित फोटोकपी ।
३. कृषक समुह/सहकारी/फर्मदर्ता भएको प्रमाण पत्र र पान नं. लिएको भए सो र नगरपालिका दर्ता गरेको प्रमाण पत्रको फोटोकपी
४. अन्य प्रमाणित प्रमाणपत्रहरु (तालिम, शैक्षिक योग्यता) आदिका फोटोकपीहरु
५. वैदेशिक रोजगारबाट फर्केकाको हकमा पासपोर्ट र अनुभवको फोटोकपी
६. कृषक/कृषक समुह/सहकारी/फर्मको परियोजना छनोट भएमा कार्यान्वयन गर्ने प्रतिबद्धता
७. खेती गरिने जग्गाको जग्गा धनी दर्ता प्रमाणपुर्जाको फोटोकपी/सम्झौता/वडा कार्यालयको सिफारिस (ऐलानीको लागि)
८.वडा कार्यालयको सिफारिस
९.एकल महिला/मुक्त कमैया र मुक्त हलिया भए सो को प्रमाणपत्र को फोटोकपी

निवेदक
नाम:
दस्तखत:
ठेगाना:
फोन नं.



Scanned by CamScanner

## अनुसुची - ३

## तरकारी खेती/च्याउ /मौरी सम्बधि कार्यक्रमको अवधारणाको संक्षिप्त कार्य योजना

कृषक/कृषक समुह/कृषि सहकारी/कृषि फर्मको नाम थर:

ठेगाना :धनगढी उप–महानगरपालिका वडा नं. .गाउँ / टोल:................जिल्ला :................

संञ्चालन गर्न खोजेको व्यवसाय ............................................ स्थान :

सहयोग स्वरुप माग गरेको अनुदान रकम रु. :

आफ्नो लगानी रु. :

आफ्नो पारिवारिक श्रम :

यस अघी उक्त कार्यका लागि कुनै निकायबाट अनुदान पाएको/नपाएको

अनुदान पाएको भए संस्थाको नाम : अनुदान रकम रु

प्रस्तावित आयोजनावाट उत्पादन हुने वस्तु :

उत्पादित वस्तुको परिमाण :

वजारयोग्य परिमाण :

व्यावसायले वातावरणमा नकरात्मक प्रभाव पार्छ / पर्दैन ?

व्यवसाय गरी रहेको भए, विगत कति बर्ष देखि...........निरन्तर गरिरहेको ? वर्ष ............महिना............

व्यावसायको लागि श्रमको व्यवस्थापन : क) पारिवारिक ख) बाहिर वाट ग) दुवै

सामुहिकआयोजना भए कार्यक्रममा संलग्न हुने व्यक्तिहरु

| सि.न. | नाम,थर | ठगाना | उमर | शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |



Scanned by CamScanner

कार्यक्रम संञ्चालनको अनुमानित लागत विवरण :

| क्र.स. | सञ्चालन गारन क्रियाकलाप | इकाइ | पारमाण | दर रु. | जम्मा रु. | निजी लगानी | अनुदान माग |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

निवेदकको तर्फ वाट सहि गर्नेको

नाम :

पद :

दस्तखत

संस्थाको छाप (संस्थाको हकमा)

मिति :

फोन नं.:



Scanned by CamScanner

## कार्यक्रम संचालन कार्य योजना

| क्र. सं. | कार्यहरु | इकाई | संचालन गरिने महिना | | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

Scanned by CamScanner

अनुसुची-४

## तरकारी खेती/च्याउ/मौरीपालनकार्यक्रम संञ्चालनको लागि गरिने सम्झौता-पत्र

धनगढी उप-महानगरपालिकाको चालु आ.व............/..........को स्वीकृत युवा लक्षित कार्यक्रम अन्तरगत ........ .......................आयोजना संञ्चालन गर्न धनगढी उप-महानगरपालिका (यस पछी पहिलो पक्ष भनिने) बाट छनोट भएको धनगढी उप–उपमहानगरपालिका वडा नं........टोल/गाँउ.............................का युवा कृषक/कृषक समुह/कृषि सहकारी/कृषि उद्यमी श्री.....................................................(यस भन्दा पछाडी दोश्रो पक्ष भनिने) विच तपशिलका शर्तहरु पालन गरी/गराई कार्यक्रम सम्पन्न गर्न यो सम्झौता गरी लियौं/दियौं ।

शर्तहरु

१.पहिलो पक्षले दोश्रो पक्षलाई आयोजना संञ्चालनको लागि कार्ययोजना अनुसार २ किस्तामा चेकवाट अनुदान रकम उपलब्ध गराउने छ ।

२. दोश्रो पक्षले पहिलो पक्षवाट आवश्यक प्राविधिक सहयोगमा आफूले प्रस्ताव गरे अनुसार ............... ............... ................. व्यवसाय संचालन गर्नु पर्ने छ ।

३.पहिलो पक्षले तोकेको प्राविधिकले नियमित रुपमा व्यवसाय संचालन गरे नगरेको अनुगमन गर्नेछ, दोश्रो पक्षले स्वीकृत लागत इष्टिमेट, कार्य योजना र सम्झौता अनुसारका कार्यहरु नगरेको पाईएमा सम्झौता खारेज गर्न सकिने छ ।

४. यस सम्झौतामा उल्लेखित काम गर्दा परि आउने कुनैपनि प्राकृतिक प्रकोप/भवितब्यको पूर्ण जिम्मेवारी दोश्रो पक्षको हुनेछ । यस बाफत पहिलो पक्षले कुनै दायित्व बहन गर्ने छैन ।

५.यो सम्झौता कार्यान्वयनमा कुनै बिबाद पर्न आएमा कार्यक्रम कार्यान्वय समितिको निर्णय अन्तिम हुने छ ।

६. दोश्रो पक्षले यस कार्यक्रमलाई २ वर्ष सम्म निरन्तरता दिनु पर्ने छ र पहिलो पक्षले आवश्यकता अनुसार प्राबिधिक सेवां उपलब्ध गराउने छ । तर दोश्रो वर्ष कुनै अनुदान उपलब्ध गराउने छैन ।

७. यस सम्भौतामा उल्लेख भएका ब्यहोरा यस सम्झौता अनुसार र अन्य व्यहोराको हकमा प्रचलित नियम कानुन बमोजिम हुनेछ ।

| पहिलो पक्षको तर्फबाट सहि गर्ने | दोश्रो पक्षको तर्फबाट सही गर्ने |
|---|---|
| नाम : | नाम: |
| पद : | पद : |
| दस्तखत: | दस्तखत |
| मिति: | मिति : |
| सम्पर्क नं. : | सम्पर्क नं. |
| छाप : | छाप : |



Scanned by CamScanner